
annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११२ पृष्ठ ८ | काठमाडौं, मंगलबार ४ भदौ २०८१ | भाद्र कृष्णपक्ष प्रतिपदा नेपाल संवत् ११४४ | TUESDAY, AUGUST 20, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## सशक्त पत्रकारिताका लागि पत्रकारिता शिक्षा



डा. कुन्दन अर्याल

इजलास

नेपाली पत्रकारिता अभिव्यक्ति स्वतन्त्रताकै संघर्षको प्रारम्भिक र माध्यमिककाल पार गर्दै आजको बहुलवादी अवस्थामा आइपुगेको छ। सुरुवातकालीन समयदेखि आजसम्म आइपुग्दा नेपाली पत्रकारिताको विषयवस्तु र यसको प्राविधिक आधारमा धेरै परिवर्तन भइसकेका छन्, यसबीच मुलुकमा पत्रकारितामा पनि परिवर्तन भए।

सुरुवातमा समाज सुधारक वा राजनीतिक सामाजिक चेत भएका सक्रिय व्यक्तिहरूको प्रयासबाट पत्रकारिता अघि बढ्यो। समयक्रमसँगै व्यवसायका रूपमा अघि बढाउन काम गर्ने शैली, सीप र दक्षताका विषयमा विमर्श हुन थाल्यो। यसमा नैतिकताको पक्ष हुँदोरहेछ भन्ने महसुस भयो। आधारभूत पेसागत वा व्यावसायिक सीप र नैतिकता हुने रहेछ भन्ने पनि भयो। नेपालमा पनि पहिले प्रशिक्षण र त्यसपछि औपचारिक शिक्षाका माध्यमले त्यो आवश्यकता पूरा गर्ने क्रम सुरु भयो। अब पत्रकारिता शिक्षालाई बदलिएको प्राविधिक, राजनीतिक र सामाजिक सन्दर्भहरूसँगको तादात्म्यतासँगै अघि बढाउनुपर्छ। पत्रकारितालाई व्यावसायिक, प्रभावकारी र जनताका लागि उपयोगी बनाउन जनतासँगको विश्वसनीयता हासिल गर्नै पर्छ। पत्रकारिता शिक्षाले ज्ञान, सीप र नैतिक पक्षमा जोड दिन्छ, तर यी सबै पक्ष जनताको भरोसा जित्न समर्पित हुनुपर्छ।

संसारमा जसरी पत्रकारिताका लागि प्रशिक्षण र औपचारिक शिक्षा अघि बढ्यो, त्यसैगरी नेपालमा पनि चार दशकभन्दा अघिदेखिको निरन्तरताले पत्रकारिता शिक्षाको पहिचान स्थापित भइसकेको छ। स्तर पनि क्रमशः अघि बढिरहेछ। आज अध्येताहरू पत्रकारितामा केन्द्रित भएर त्रिविबाट दर्शनाचार्य (एमफिल) र विद्यावारिधि (पीएचडी) अध्ययन र अनुसन्धान गरिरहेछन्। यद्यपि पाठ्यक्रम र विधिमा निर्मम समीक्षा गर्नुपर्ने आवश्यकता देखेको छु। त्यो उपयुक्त वातावरण सिर्जना गर्न हामी प्रतिबद्ध छौं। पत्रकारिता शिक्षाबाट कस्तो खालको जनशक्ति निर्माण गर्न खोजेका हौं, अब हामीले कामबाटै अझ स्पष्ट पार्नेछौं। नेपालको पत्रकारिताको गुणस्तर बढाउनु भनेको राष्ट्रलाई समुन्नत बनाउने प्रयास हो, हामी त्यसमा छौं।

*(सहप्राध्यापक अर्याल, त्रिभुवन विश्वविद्यालयको पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागका प्रमुख हुन्।)*



लुम्बिनी प्रादेशिक अस्पतालमा ल्याब परीक्षण गरेर अप्रेसनका लागि २०८३ साल वैशाख ९ र १७ गते 'आउनू' भनेर डाक्टरले बिरामीलाई लेखेर दिएको प्रेस्किप्सन र अप्रेसन गर्न आउँदा पालो नपाएपछि निराश बसेका बिरामी। ● केशरराज क्षेत्री

कभर स्टोरी

### लुम्बिनी प्रादेशिक अस्पताल

# उफ ! अप्रेसन गर्न दुई वर्ष पालो कुर्नुपर्ने

लुम्बिनी प्रदेश सरकारमा जति पटक नेतृत्व फेरिए पनि प्रदेशकै गौरवको अस्पतालका रूपमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालको हालत उस्तै छ। चरम राजनीतिक प्रतिशोधले अस्पताल थिचोमिचोमा परेको छ। अहिले मेडिकल सुपरिटेन्डेन्ड (मेसु) विहीन छ अस्पताल। प्रशासनिक नेतृत्वविहीन हुँदा दैनिक कामकाजदेखि नीतिगत योजनाहरू प्रभावित छन्। अस्पतालमा थरीथरीका रोगको अप्रेसनका लागि पुग्ने बिरामीहरूलाई एक दिन होइन, दुई दिन होइन, दुई वर्षपछि 'आउनू' भनेर पठाउने गरेको छ। सरकारको नेतृत्व गर्नेहरू नागरिकको पीडाभन्दा सत्ता जोगाउने खेलमा लागिरहँदा यस अस्पतालप्रति बिरामीको भरोसा टुट्दै गएको छ।

समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*
- को रिपोर्ट

## राष्ट्रिय परिचयपत्र बनाउन महिनौंदेखि हारिरहेका जितबहादुर



**विजयकुमार सिंह** | *ढल्केवर (धनुषा)*

धनुषाको मिथिला नगरपालिका-९ बेंगाडाबरका जितबहादुर बलम्पाकी राष्ट्रिय परिचयपत्र बनाउन तीन महिनादेखि ढल्केवर धाइरहेका छन्। तर, राष्ट्रिय परिचयपत्रका लागि मिथिला नगरपालिकाको कार्यालयमा रहेको राष्ट्रिय परिचयपत्र विवरण संकलन स्टेसनमा ८१ वर्षीय जितबहादुर अझै हेर्‍याहेर्‍यै छन्। ६७ वर्षीया अशक्त श्रीमती चन्द्रमाया मगर्नीलाई साथै लिएर स्टेसन पुगेका उनी पालो कुरिरहेका देखिन्छन्।

'कहिले कम्प्युटर चलेन भन्छ। कहिले बत्ती गयो भन्छ। कहिले फुर्सद छैन भन्छ। अनि भिड पनि त्यत्तिकै हुन्छ,' कार्यालय अगाडिको बार्दलीमा चप्पलमाथि बसेका जितबहादुरले भने, 'जेठमा पहिलोचोटि आएको बेला यहाँबाट काम बन्द थियो। असारबाट सुरु भएयता हरेक बिहीबार आइरहेको छु। हाम्रो वडाको पालो बिहीबार राखेको छ। जहिल्यै आज भइहाल्छ भन्छ। तर, बेलुका जहिल्यै रित्तै फर्किनुपर्छ।'

बिहीबार रातिसम्म बस्दा पनि काम नभएकोले शुक्रबार फेरि आएको उनले सुनाए। 'क्यार्नु! हिजो साँझ कम्प्युटर बिरामी भइदियो। आज हाकिम सापले सन्चो भयो भनेर भन्नुभयो। आज काम सकिन्छ कि जस्तो छ। तर, भिड हेर्दा भर लाग्या छैन,' शुक्रबार भिड देखाउँदै जितबहादुरले भने।

सरकारले राष्ट्रिय परिचयपत्र नभए भत्ता रोकिदिने भन्ने समाचार थाहा पाएपछि उनलाई राष्ट्रिय परिचयपत्र बनाउने हतारो छ। सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णयबाट सरकार ब्याक भएको समाचार भने उनले सुन्नै भ्याएका छैनन्। 'परिचयपत्र नभए भत्ता दिँदैन रे भनेर रेडियोमा बजेको बज्यै गर्‍यो। त्यसपछि यता आको त खै अहिलेसम्म कामै भएन। भत्ता त अस्ति दियो। तर कहिले रोकिन्छ थाहा छैन,' चिन्तित हुँदै जितबहादुरले भने।

समस्यामा जितबहादुर मात्रै हैनन्, नेपाली सेनाको जागिरबाट अवकाश पाएका मिथिला नगरपालिका-११ बस्ने राजकुमार माझी पनि छन्। उनको त झन् पेन्सनै रोकिएको छ। राष्ट्रिय परिचयपत्रकै कारणले पेन्सन रोकिएपछि उनी त्यसका लागि धाइरहेका छन्। हाल बर्दिवासको नबिल बैंकमा सुरक्षा गार्डका रूपमा काम गरिरहेका उनी शुक्रबार बिहान ७ बजेदेखि नै राष्ट्रिय परिचयपत्र बनाउन लाइन लागेका थिए।

» बाँकी पृष्ठ ६

### परराष्ट्रमन्त्रीको भारतीय प्रधानमन्त्रीसँग भेटवार्ता

# 'नेपाल-भारत घनिष्ठ सभ्यताको सम्बन्ध'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले सोमबार नयाँ दिल्लीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेकी छन्। भेटवार्तामा नेपाल भारतका सम्बन्धका विविध पक्षबारे छलफल भएको भारतस्थित नेपाली दूतावासले जनाएको छ।

भेटबारे परराष्ट्रमन्त्री डा. राणाले भनेकी छन्, 'दिल्लीमा भारतका प्रधानमन्त्री शिष्टाचार भेट भयो। हामीले नेपाल-भारत सम्बन्धको बहुआयामिक विविधताबारे छलफल गर्‍यौँ। मलाई आशा छ, यो भ्रमण र हाम्रा उच्चस्तरीय भेटघाटले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउनेछ।'

भारतीय प्रधानमन्त्री मोदीले परराष्ट्रमन्त्री देउवालाई स्वागत गर्न पाउँदा आफूलाई खुसी लागेको सामाजिक सञ्जाल एक्समा लेखेका छन्। मोदीले भारत र नेपालबीच घनिष्ठ सभ्यताको सम्बन्ध र प्रगतिशील तथा बहुआयामिक साझेदारी रहेको पनि बताएका छन्। उनले दुई मुलुकको विकास साझेदारीमा निरन्तर गतिका लागि तत्पर रहेको उल्लेख गरेका छन्।

भेटमा परराष्ट्रमन्त्री राणाले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा समकक्षी मोदीलाई नेपाल भ्रमणका लागि पठाइएको निमन्त्रणापत्र प्रदान गरेकी छन्। उनीहरूबीच करिब आधाघण्टा छलफल भएको थियो। भेटवार्तामा भारततर्फ विदेशमन्त्री डा. एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेश सचिव विक्रम मिश्री, नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवलगायत अधिकारी सहभागी थिए।



**भारत भ्रमणमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा सोमबार साँझ नयाँ दिल्लीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ताका क्रममा।** ● डा. राणाको फेसबुक

नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका दक्षिण एसिया महाशाखा प्रमुख सहसचिव भृगु ढुंगाना, कार्यवाहक राजदूत डा. सुरेन्द्र थापा, काउन्सुलर दुर्पदा सापकोटालगायत थिए।

यसैबीच, सोमबारै डा. राणाले भारतीय विदेशमन्त्री डा. एस. जयशंकरसँग भेटवार्ता गरिन्। हैदराबाद हाउसमा भएको भेटमा ऊर्जा, व्यापारलगायत द्विपक्षीय हित, नेपाल-भारत सम्बन्धका विविध पक्षका साथै आपसी सहयोग आदानप्रदानका विषयमा छलफल भएको छ। भेटवार्तापछि सामाजिक सञ्जाल एक्समा लेख्दै भारतीय विदेश मन्त्री डा. जयशंकरले राणाको पहिलो औपचारिक विदेश भ्रमणमा स्वागत गर्न पाउँदा खुसी लागेको बताएका छन्। उनले लेखेका छन्, 'ऊर्जा, व्यापार, कनेक्टिभिटी र पूर्वाधार विकासलगायत बहुआयामिक सहयोगबारे छलफल भयो। नेपालले भारतमा करिब एक हजार मेगावाट बिजुली निर्यात गर्ने भएकोमा खुसी लागेको छ, यो एउटा नयाँ कोशेढुंगा हो।'

परराष्ट्रमन्त्री राणा भारतीय विदेशमन्त्री एस जयशंकरको निमन्त्रणामा भारत भ्रमणमा गएकी हुन्। डा. राणाको मन्त्री भएपछिको यो पहिलो विदेश भ्रमण हो। नेपाली दूतावासले भेटवार्तामा व्यापार तथा पारवहन, ऊर्जा, कनेक्टिभिटी, लगानी, हवाई मार्ग, बाढी तथा डुबान, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, खेलकुद, सीमा पूर्वाधारलगायत नेपाल-भारत सम्बन्धका समग्र पक्षको समीक्षा भएको जनाएको छ।

भारतीय विदेश सचिव मिश्रीको नेपाल भ्रमणमा पनि हवाई रुट, पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालगायतको विषयमा छलफल भएको थियो। नेपाल र भारतबीच एउटा मात्रै हवाई रुट छ। पञ्चेश्वर आयोजना लामो समयदेखि अघि बढ्न सकेको छैन। गत वर्ष तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका समयमा भारतले नेपालबाट १० हजार मेगावाट विद्युत् आयात गर्ने सहमति गरेको थियो। त्यसको कार्यान्वयन विषयमा छलफल भएको छ।

दुवै विदेशमन्त्रीहरू हालका नेपाल भारतका नियमित द्विपक्षीय संयन्त्रलगायत विभिन्न तहमा संलग्नतालाई निरन्तरता दिन सहमत भएका छन्। डा. जयशंकरले परराष्ट्र मन्त्री राणाको सम्मानमा दिवाभोज आयोजना गरेका थिए।

यो भ्रमण दुई मित्रवत् छिमेकीहरूबीचको उच्चस्तरीय भ्रमणको नियमित आदानप्रदानको निरन्तरता भएको दूतावासले जनाएको छ। भदौ २ गते गएकी डा. राणा ६ गते नेपाल फिर्ता हुनेछिन्।

» बाँकी पृष्ठ ६

# थप २५१ सहित ९४१ मेगावाट बिजुली भारतले किन्ने

**सुनिता कार्की** | *काठमाडौं*

- थप विद्युत् निर्यातसँगै भारतबाट कुल स्वीकृति पाएको विद्युत्को परिमाण २८ जलविद्युत् आयोजनाबाट ९४१ मेगावाट पुगेको छ।

नेपालको थप बिजुली भारतले किन्ने भएको छ। अन्तरदेशीय व्यापारका लागि भारतले नेपालका १२ जलविद्युत् परियोजनाहरूबाट थप २५१ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृत गरेको नेपालस्थित भारतीय दूतावासले जनाएको छ। थप विद्युत् निर्यातसँगै भारतबाट कुल स्वीकृति पाएको विद्युत्को परिमाण कुल २८ जलविद्युत् आयोजनाबाट ९४१ मेगावाट पुगेको छ।

यसअघिको स्वीकृत परिमाण ६९० मेगावाट थियो, जुन १६ जलविद्युत् आयोजनाबाट लिइएको थियो। भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले हरियाणा राज्यलाई थप १२५.८९ मेगावाट र बिहारलाई १२५ मेगावाट मध्यकालीन सम्झौताबमोजिम निर्यात गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको हो। योसँगै नेपालले पहिलोपटक बिहारमा मध्यकालीन विद्युत् बिक्री सम्झौतामार्फत विद्युत् निर्यात गर्ने भएको छ।

१० जलविद्युत् आयोजनाहरूबाट उत्पादित १२५ मेगावाट विद्युत् बिहारलाई र २ जलविद्युत् आयोजनाहरूबाट उत्पादित थप १२५.८९ मेगावाट विद्युत् हरियाणा राज्यका वितरण कम्पनीहरूलाई बिक्री गरिनेछ। प्राधिकरणले हरियाणा राज्यलाई हाल १०९ मेगावाट विद्युत् बिक्री गरिरहेको छ। नेपालमा खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् हरेक वर्ष जुनदेखि अक्टोबरसम्म बिहार र हरियाणालाई बिक्री गरिनेछ। योसँगै मध्यकालीन सम्झौताबमोजिम भारतका राज्यस्तरका वितरण कम्पनीहरूलाई बिक्री गरिने विद्युत्को परिमाण ३६० मेगावाट पुगेको छ।

आगामी अक्टोबरसम्म बिक्री गरिने विद्युत्को बिक्री दर प्रतियुनिट ८ रुपैयाँ ७२ पैसा (५.४५ भारु) रहेको छ। गत वर्ष हरियाणालाई बिक्रीका लागि स्वीकृति दिएको १०९ मेगावाटको प्रति युनिट दर ८ रुपैयाँ ४० पैसा (५.२५ भारु) थियो। यसमा भारतर्फको प्रसारण लाइन शुल्क, चुहावट, ट्रेडिङ मार्जिनलगायतका सम्पूर्ण कर तथा शुल्कहरू प्राधिकरणले बेहोर्नु पर्ने छैन।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यसै वर्ष मध्यकालीन सम्झौताअनुसार थप ४ सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गरेका थिए। उनले हरियाणा र बिहार राज्यलाई बिक्री गर्ने गरी थप ४०० मेगावाट विद्युत् निर्यात गर्न भारतको अनुमति पर्खिरहेको बताएका थिए।

कार्यकारी निर्देशक घिसिङले भारतीय पक्षबाट स्वीकृति पाएसँग अब छिट्टै बिहार र हरियाणामा थप विद्युत् निर्यात सुरु गरिने बताए।

» बाँकी पृष्ठ ६